पाठ ३८

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	**[शान्त समय]** **यहोशू ५:१३-८:३५**

तपाईंलाई तोकिएको बाइबल खण्ड (यहोशू ५:१३-८:३५) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

३	**बाइबल पद कण्ठ** (२० मिनेट)	**[चेलापन]** **प्रभुत्व : रोमी १२:१-२**

पद कण्ठ गर्ने चौथो श्रेणी 'चेलापनको' बारेमा छ। कण्ठ गर्ने पाँच पदहरूको शीर्षकहरू यी हुन्: प्रभुत्व, इन्कार, सेवा, दिनु र चेला बनाउनु।

क. मनन

रोमी १२:१-२; ६:१३,१९ पढ्नुहोस्। "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक ... आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर ... जसरी तिमीहरूले एक पल्ट आफ्ना अङ्गहरूलाई अशुद्धता र झन्-झन् बढ़ी अपराधका निम्ति समर्पण गऱ्यौ, अब त्यसरी नै पवित्रकरणको निम्ति आफ्ना अङ्गहरूलाई धार्मिकताको निम्ति समर्पण गर।"

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

प्रभुत्व रोमी १२:१-२
यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक। रोमी १२:१-२

यो बाइबल पदलाई तपाईंको कार्डको छाडिपट्टि लेख्नुहोस्।

१. बलिदानहरू चढाउनुको आधार

यो खण्ड "यसकारण ... परमेश्वरको कृपालाई ध्यानमा राखी" भन्ने शब्दहरूबाट सुरु हुँदछ। यसले योभन्दा अगाडि रोमी १ देखि ११ अध्यायसम्म लेखिएका हरेक कुरालाई बुझाउँछ। इसाईहरूले आफ्ना शरीरहरू जिउँदो बलिदानको रूपमा परमेश्वरलाई अर्पण गर्न सक्छन्, किनभने पहिले परमेश्वरले आफ्नो एकमात्र पुत्रलाई इसाईहरूको फाइदाको निम्ति अर्पण गर्नुभयो! परमेश्वरले इसाईहरूलाई प्रतिवद्धता जनाउन सक्षम नपार्नुभएसम्म, उहाँले कहिले पनि इसाईहरूलाई कुनै प्रतिवद्धता जनाउन अनुरोध गर्नुहुन्न! पहिले परमेश्वरले हाम्रो फाइदाको निम्ति ख्रीष्टलाई बलि चढाउनुभयो र त्यसपछि उहाँले हामीलाई उहाँको खातिर बलिदान हुन अनुरोध गर्नुहुन्छ।

२. हाम्रो शरीरको समर्पणता

शरीर - यहाँ हाम्रो 'शरीर' केवल भौतिक शरिर मात्र होइन। यसले हाम्रो प्राण, सम्पूर्ण प्राणी र व्यक्तित्वलाई समेट्छ, किनभने हाम्रो शरीर र यसको सदस्यहरूले हाम्रो प्राण, प्राणी र व्यक्तित्वको अभिव्यक्ति दिँदछ। हाम्रो शरीरको सदस्यहरू भनेको यस्ता औजारहरू हुन्, जसद्वारा हामी परमेश्वरको उद्देश्यहरूलाई पूरा गर्दछौँ। यो जीवनमा, हाम्रो शरीर र हाम्रो प्राण मिलेर यस्तो एकता निर्माण गर्दछ, जसलाई अलग गर्न सकिँदैन। हाम्रो आत्मा जीवनको सास हो अथवा यो हामीलाई सजीव पार्ने सिद्धान्त हो। यो विशेष गरी हाम्रो शरीर र पृथ्वीमा हाम्रो जीवनबीचको सम्बन्धमा हुने हाम्रो मानवीय स्वभावको अमूर्त अथवा अदृश्य तत्व हो। यो हाम्रो प्राणजस्तै हो, जुन हाम्रो मानवीय स्वभावको अमूर्त अथवा अदृश्य तत्वको समानतामा छ, तर अहिले यो परमेश्वरसँगको सम्बन्धको कुरा हो।

जिउँदो बलिदान - पुरानो करारको समयमा सबै बलिदानहरू जनावरहरू मात्र हुन्थे, तर नयाँ करारका बलिदानहरू भनेको जनावरहरू होइनन् तर मानिसहरू हुन्। पुरानो करारमा सबै बलिदानहरूलाई मार्ने गरिन्थ्यो, तर नयाँ करारमा भएका मानवीय बलिदानहरूलाई मार्ने होइन, जिउँदै राखिन्छ। पुरानो करारमा जनावरको बलिदानहरू नियमित घरी-घरी चढाइन्थ्यो तर नयाँ करारमा मानवीय बलिदानहरू घरी-घरी होइन, निरन्तर अर्पण गरिन्छ। परमेश्वरले आफ्नो जनहरूले उहाँको निम्ति आफूलाई मारेको चाहनुहुन्न बरु उहाँको निम्ति तिनीहरूले जीवन जिएको चाहनुहुन्छ!

जे भए तापनि, हामीले ख्रीष्टमा नयाँ जीवन धारण गरेपछि मात्र परमेश्वरला हाम्रो जिउँदो बलिदान सम्भव हन्छ। हाम्रो पुरानो मानवीय स्वभाव आफै मर्न चाहँदैन। त्यसले पापमा आनन्द मनाउन र स्वार्थी अभिलाषाहरू पूरा गर्न चाहन्छ। त्यसले 'खान, पिउन र रमाउन' चाहन्छ (१ कोरिन्थी १५:३२) र त्यसले हाम्रो जीवनको हरेक खुसियालीलाई निमोठिदिन्छ। हाम्रो पुरानो स्वभाव आफ्नै निम्ति जिउन चाहन्छ! अथवा अर्को शब्दमा भन्ने हो भने हाम्रो पुरानो स्वभावले दुर्व्यसन, पागलपन अथवा आतंकवादीझैँ लापरवाही जीवन जिएर आफैलाई नष्ट पार्दछ।

येशू ख्रीष्ट हाम्रो हृदय र जीवनमा आउनुभएपछि, हाम्रो पुरानो स्वभावलाई क्रूसमा किला ठोकेर राखिन्छ र त्यो त्यहीँ रहनुपर्दछ। त्यसपछि येशू ख्रीष्टको आत्मा हामीमा वास गर्नुहुन्छ र उहाँले हामीमा नयाँ स्वभाव सृष्टि गर्नुहुन्छ, जसलाई हामीले 'नयाँ-जन्म'को रूपमा अनुभव गर्दछौँ। हाम्रो नयाँ स्वभावसँग येशू ख्रीष्टको मन हुन्छ र त्यसपछि हामी येशू ख्रीष्ट र अरू मानिसहरूको सेवा गर्दै स्वार्थरहित जीवन जिउन चाहन्छौँ।

पवित्र बलिदान - 'पवित्र' भन्ने शब्दको अर्थ दुष्टताबाट अलग रही परमेश्वरमा समर्पित हुनु भन्ने हुन्छ। पवित्र आत्माको कामले हामीमा पापको सबै ढाँचाहरूलाई घृणा गर्ने तुल्याएर परमेश्वरको नजरको सामुन्ने दोषरहित जीवन जिउने प्रतिवद्धता गर्न सक्ने बनाउँछ। पवित्रता परमेश्वरको सबै विशेषताहरूमा प्रकट हुन्छ। उदाहरणको लागि परमेश्वरको प्रेमलाई लिन सकिन्छ। परमेश्वरको प्रेम पवित्र हुन्छ। यो पापको कुनै पनि ढाँचाबाट पूर्णरूपमा अलग हुन्छ। यसमा स्वार्थीपना हुँदैन, यसले कृपावाद अनि नातावादजस्ता कुराहरू देखाउँदैन र यो कुनै किसिमको यौनजन्य अनैतिकतामा सहभागी हुन सक्दैन। त्यसैगरी परमेश्वरको धार्मिकता पवित्र हुन्छ। यो अन्यायको कुनै ढाँचाबाट पूर्णरूपमा अलग हुन्छ। यो स्पष्टसँग प्रकट भएको व्यवस्थाहरू र मान्यताहरूमा आधारित हुन्छ; अनि यो पूर्णरूपमा निष्पक्ष र पक्षपातबिहिन हुन्छ। त्यस्तै किसिमले परमेश्वरको सत्यता, दया, विश्वासयोग्यता र उहाँको अरू सबै विशेषताहरू पवित्र हुन्छ। अब, हामील इसाईहरूले हाम्रो जीवनमा यस्तै किसिमको पवित्रता देखाएको परमेश्वरले अपेक्षा गर्नुहुन्छ। पवित्र आत्माद्वारा उहाँले हामीलाई पवित्र जीवन जिउन सक्षम तुल्याउनुहुन्छ।

परमेश्वरलाई प्रसन्न तुल्याउने बलिदान - 'प्रसन्न हुनु' भन्ने शब्दको अर्थ परमेश्वरको हृदयदेखि स्वागत पाउनु र उहाँलाई खुसी तुल्याउनु हो। हामी इसाईहरू जहाँ-जहाँ जान्छौँ, आफैले आफैलाई यस्तो प्रश्न सोध्नुपर्छ, "म सहभागी भएको यो स्थान

र यी मानिसहरूले के परमेश्वरलाई प्रसन्न तुल्याउँछ?" "यस्तो अवस्थामा येशू ख्रीष्टले के गर्नुहुन्थ्यो?" यो प्रश्नको उत्तर दिने एकमात्र उपाय भनेको बाइबल पढेर र त्यसलाई अध्ययन गरेर नै हो। परमेश्वरले सधैँ इसाईहरूलाई बाइबल र पवित्र आत्माद्वारा उहाँलाई प्रसन्न तुल्याउने जीवन जिउन अगुवाइ गर्नुहुन्छ।

आराधनाको आत्मिक काम अथवा सेवाको आत्मिक काम - 'आत्मकि' भन्ने शब्दलाई उत्तम ढङ्गमा 'सही' र 'उचित' भन्ने शब्दहरूमा अनुवाद गर्न सकिन्छ। तसर्थ, हामी इसाईहरूले आफूलाई परमेश्वरको निम्ति जीवित, पवित्र र परमेश्वरलाई प्रसन्न तुल्याउने बलिदानको रूपमा अर्पण गरेपछि हामीले उहाँको नजरमा सही र उचित ठहरिने काम गर्दछौँ! वास्तवमा त्यही नै इसाईहरूकको साँचो आत्मिक जीवन हो। कुनै इसाई अति भावनात्मक र उत्तेजित हुँदा आत्मिक हुने होइन; तर उसले आफ्नो सम्पूर्ण जीवन जिउँदो बलिदानको रूपमा परमेश्वरलाई अर्पण गर्दा, ऊ आत्मिक इसाई ठहर्छ। इसाई सेवाहरू गर्दा मात्र ऊ आत्मिक हुँदैन, तर विशेष गरी हप्ताको सातै दिन त्यस्ता कामहरूद्वारा आत्मिक हुँदछ।

३. हाम्रो समझको समर्पणता

यो संसारको बाहरी अनुरूपतालाई अस्वीकार गर्नुहोस् - यो दुष्ट युगका ढाँचाले हामीलाई असर पार्ने, आकार दिने र प्रभाव पार्ने कुरालाई हामी अनुमति दिँदैनौँ। यो दुष्ट संसारलाई हामी त्यसको ढाँचामा ढाल्न अनुमति दिँदैनौँ। साँचो इसाईहरूले यस्ता दुष्ट प्रभावहरूको अनुरूपतालाई हटाउँछ: नास्तिकवादी दर्शनशास्त्र, झूटा धर्महरू, अनैतिक यौन क्रियाकलाप, खराब मित्रहरू, व्यर्थ अनि अनुत्पादक छलफलहरू, फोहरी पत्र-पत्रिकाहरू, सङ्कास्पद गतिविधिहरू, परीक्षामा पार्ने पोशाकहरू, अतिवादी राजनीतिहरू, लागुऔषधिको प्रयोगहरू, ज्यानमारा खेलहरू आदि। साँचो इसाईहरूले हरेक दुष्ट प्रभावको विरोध गर्दछन्। अरू मानिसहरूको देखावटी जीवनशैली र व्यवहारको बलियो शक्तिले हामीलाई परमेश्वरबाट टाढा लैजान सक्छ, र त्यसले उहाँलाई अप्रसन्न तुल्याउँछ। दुष्ट संसारको आकर्षणहरू अथवा साथीभाइहरूको गलत दवावलाई हालमीले आफ्नो जीवनमा अनुमति दिँदैनौँ। हामीले नराम्रा अनि आपत्तिजनक बोलिचालीलाई रोक्दछौँ; हामीले छाडा अथवा आपत्तिजनक गीत-सङ्गीतलाई रोक्दछौँ। फोहर पुस्तक तथा पत्र-पत्रिकाहरू पढ्न हामीले बन्द गर्दछौँ। परीक्षामा पार्ने खालका पहिरनहरू लगाउन हामीले रोक्दछौँ। त्यसैगरी सङ्कस्पद क्रियाकलापहरूमा सङ्लग्न हुन र सांसारिक साथीहरूसँग घनिष्ठता बढाउने कुराहरू हामीले बन्द गर्दछौँ।

परमेश्वरको इच्छातिर डोऱ्याउने आन्तरिक रूपान्तरणलाई स्वीकार गर्नुहोस् - आफ्नो समझको निरन्तर नवीकरण गर्ने प्रक्रियामा हामीले आफूलाई समर्पित गर्दछौँ। मानिसहरूको बाहिरी ढाँचालाई पछ्याउने अनुरूपमा सुरु हुँदा, आन्तरिक परिवर्तनको साथमा रूपान्तरू सुरु हुन्छ अथवा परमेश्वरको वचनअनुसार मानिसको विचारको, दृढ विश्वासको, उद्देश्यको रूपान्तरण हुन्छ। हामीले परमेश्वरको वचन र परमेश्वरको आत्मासँग सहकार्य गर्ने हामीले आफूलाई समर्पित गरेपछि यो कुरा हुँदछ। पछि गएर बाहिरी परिवर्तन र बाहरी आचरणमा आफूलाई प्रकट गर्ने त्यस्ता आन्तरिक रूपान्तरण भनेको परमेश्वरलाई प्रसन्न तुल्याउने गरी जिउँने उत्तम जीवनशैली हो।

४. बलिदानहरूको निम्ति परमेश्वरको प्रतिज्ञा

परमेश्वरको इच्छा के हो भनेर जाच्ने र त्यसलाई समर्थन गर्ने पाँच वटा मुख्य अवस्थाहरू छन्:

- यूहन्ना १५:५ - आफूलाई सकेसम्म परमेश्वरसँगको व्यक्तिगत र घनिष्ठ सम्बन्धमा राख्ने प्रयास गर्नुहोस्।
- लूका ६:४६-४९ - बाइबलमा परमेश्वरले प्रकट गर्नुभएको उहाँको सार्वभौम इच्छालाई पालना गर्नु।
- रोमी ८:२८ - विभिन्न किसिमका परिस्थितिहरूमा परमेश्वरको प्रकट नभएका सार्वभौम इच्छाप्रति आफूलाई आत्मसमर्पण गर्नु।
- रोमी १२:२ - आफ्नो मनलाई नवीकरण गरी रूपान्तरित हुनु। यसमा हामीले केही कुराहरूलाई हटाउँछौँ, केही दुष्ट कुराहरूलाई रोक्दछौँ र असल कुराहरू गर्न सुरु गर्दछौँ।
- रोमी १२:१ - आफैलाई बलिदान गर्ने निर्णयहरू गर्नु । हामीले आफ्नो हकहरू खोज्नु सट्टामा अरू मानिसहरूको रुचि र चाहनाहरू खोजी गर्दछौँ। आफ्नो परिवारको खर्च जुटाउनको लागि सफल काम-व्यवसायको पछि लाग्नुको सट्टामा हामी आफ्नो परिवारको जिम्मेवारीहरूप्रति आफूलाई समर्पित गर्दछौँ। त्यसैगरी धार्मिक, शक्तिशाली र राम्रो सम्बन्ध भएका मानिसहरूतिर लाग्नुभन्दा हामीले गरिब, अपाङ्ग र अत्याचारमा परेकाहरूलाई आफ्नो जीवनमा स्वागत गर्दछौँ (लूका १४:१२-१४)।

ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। विश्वासद्वारा मुक्ति - रोमी १२:१-२
३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

४	**बाइबल अध्ययन** (७० मिनेट) [संसारमा जिउनु] संसारमा रुपैयाँ-पैसा : १ तिमोथी ६:३-१९

१ तिमोथी ६:३-१३ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

चरण: १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर १ तिमोथी ६:३-१३ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

चरण: २ - पत्ता लगाउनुहोस्। **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

१ तिमोथी ६:६
खोज १ - ईश्वरभक्ति र सन्तुष्टता ठूलो लाभ हो।

पहिले मैले धेरै पैसा कमाउनु ठूलो लाभ हो भनी विचार गर्दथेँ। तर अहले धन-सम्पत्ति र रुपैयाँ-पैसाभन्दा ईश्वरभक्ति र सन्तुष्टता धेरै ठूलो लाभ हो भनी म बुझ्दछु। म जीवनमा कसरी सन्तुष्ट हुने र कसरी भक्तिपूर्ण जीवन जिउने भन्ने कुराहरू पत्ता लगाउन चाहन्छु।

---

१ तिमोथी ६:१८१०
खोज २ - परमेश्वरको राज्यमा लगानी गर्नु
चाहे मा धनी हुँ अथवा गरिब, मैले आफ्नो रुपैया-पैसा भविष्यको लागि लगानी गर्नुपर्दछ, जुन वास्तवमा स्वर्गमा लगानी गर्नु हो। परमेश्वरको राज्यमा कसरी आर्थिक लगानी गर्ने भनी म सिक्न चाहन्छु; ताकि मैले स्वर्गमा धन थुपार्न सकूँ, जहाँ त्यो नास हुँदैन, अवमूल्यन हुँदैन र चोरी पनि हुँदैन।

चरण: ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
१ तिमोथी ६:३-१३ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
लेख्नुहोस् - आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)

छलफल गर्नुहोस् - (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

१ तिमोथी ६:५
प्रश्न १ - झूटा शिक्षकहरूले भक्तिलाई कसरी आर्थिक लाभको उपाय ठान्दछन्?

टिप्पणी - पहिलो शताब्दीमा केही यस्ता झूटा शिक्षहरू थिए, जसले बाइबलको सत्यतालाई आफ्नै काल्पनिक विचारसँग मिसाएर त्यसको मज्जा लिइरहेका थिए। तिनीहरूले यहूदी व्यवस्था र यहूदी वंशावलीको काल्पनिक कथाहरूको बारेमा अन्दाज लगाएर टाउको दुख्ने वादविवादहरू गर्थे। तिनीहरूले उत्पत्ति अथवा इतिहासको पुस्तकमा भएका वंशावलीहरूको सूचीबाट कुनै नाउँ लिन्थे र त्यसलाई व्याख्या गर्न राम्रो कथा बनाउँथे। त्यस्तो कुरा यहूदी सभाघरमा नियमित हुन्थ्यो र पछि त्यस्ता काल्पनिक कथाहरू हग्गादह (Haggadah) र ताल्मुद (Talmud) भन्ने यहीदी धर्मपुस्तकहरूमा लेखिए। त्यस्ता झूटा शिक्षाहरूबाट तिनीहरूले ठूलो आर्थिक फाइदा उठाए। धेरै मानिसहरू तिमीहरूप्रति सजग होऊन् भनेर पहिले तिनीहरूले आफ्नो देखावटी धर्म-कर्म प्रदर्शन गर्दथे। त्यसपछि तिनीहरूले विभिन्न धार्मिक क्रियाकलापहरू सञ्चालन गर्दथे र आफूले प्रदान गरेको शिक्षाहरूको निम्ति अत्याधिक शुल्क असुल गर्दथे। यसप्रकार, धनी हुनको निम्ति तिनीहरूले आफ्नो भक्तिलाई दुरुपयोग गर्थे। त्यस्ता झूटा धार्मिक समूहहरूले तिनीहरूका धर्म मानिसहरूलाई बेच्थे।

अहिले हाम्रो समयमा पनि त्यस्ता झूटा शिक्षकहरू निकै सक्रिय छन्। तिनीहरूले आफ्नो धर्म मानिसहरूलाई बेच्दछन्। हरेक ठाउँमा गई तिनीहरूले धार्मिक शिक्षा दिने कार्यक्रम आयोजना गर्छन् र त्यसको बदलामा मानिसहरूबाट धेरै शुल्क पाउने अपेक्षा गर्दछन्। संसारका अरू झूटा धार्मिक समूहहरूले चाहिँ रुपैया-पैसाद्वारा मानिसहरूको निष्ठा किन्ने गर्दछन् अथवा उपहारहरूद्वारा तिनीहरूलाई घुस दिने गर्दछन्। तिनीहरूले मानिसहरूलाई यसो भन्दछन्, "यदि तिमीहरू हाम्रो धार्मिक समूहमा प्रवेश गर्‍यै भने हामी तिमीहरूले टेलिभिजन अथवा जागिर दिन्छौँ।" यसकिसिमका झूटा धार्मिक समूहहरूबाट सावधान रहनुहोस्! प्रकाश २१:८ ले भन्दछ, कि त्यस्तै सबै झूट बोल्नेहरूको स्थान भनेको बलिरहेको आगोको भट्टी हुनेछ!

१ तिमोथी ६:१०
प्रश्न २ - रुपैया-पैसाको मोहलाई किन सबै किसिमका खराबीको जड भनिएको हो?

टिप्पणी - रुपैयाँ-पैसा आफैमा खराबीको जरा होइन, तर रुपैयाँ-पैसाप्रति मानिसहरूको प्रेम खराबीको जरा हो! रुपैयाँ-पैसाको लोभ मात्र सबै किसिमका खराबीको जरा होइन, किनभने तीतोपनाले पनि थुप्रै खराबी ल्यानसक्छ (हिब्रू १२:१५)।

रुपैयाँ-पैसाप्रतिको प्रेम थुप्रै खराबीको कारण हुनसक्छ भनी हामीले बाइबलमा पढ्दछौँ। मर्कूस १०:२१-२२ मा एक जना धनी जवान येशू ख्रीष्टबाट तर्केर गयो, किनभने उसले येशूलाई भन्दा बढी आफ्नो धन-सम्पत्तिलाई प्रेम गर्थ्यो। लूका १६:१९-३१ मा एक जना धनी मानिसले लाजरस भन्ने गरिब मानिसप्रति दया देखाउने कुरालाई बेवास्ता गर्‍यो। ऊ मरेपछि उसको स्वार्थले गर्दा नरक गयो। लूका २२:१-६ मा रुपैयाँ-पैसाको कारणले गर्दा नै यहूदा इस्करियोतले येशूलाई धोका दिन मञ्जूर गर्‍यो। पछि गएर उसले आत्महत्या गर्‍यो। प्रेरित ५:१-११ मा हननिया र सफिराले आफ्नै रुपैयाँ-पैसाको बारेमा झूट बोलेकोले तुरुन्तै लडेर मर्‍यो। त्यसैगरी याकूब ५:१-६ मा हेर्ने हो भने, केही धनी मानिसहरूले आफ्नै निम्ति धन-सम्पत्ति सञ्चय गरेर विलासी जीवन जिए, तिनीहरूको जीवनशैली मोजमज्जाले भरिपूर्ण थियो। तिनीहरूले आफ्ना मजदूरहरूलाई ज्याला दिने कुरामा बेवास्ता गरे। त्यतिमात्र होइन धनी हुनको निम्ति तिनीहरूले निर्दोष मानिसहरूको हत्या गरे। तिनीहरूले नरकमा भयङ्कर कष्ट पाउनेछन् भनी याकूब त्यस्ता मानिसलाई चेताउनी दिन्छन्।

रुपैयाँ-पैसाको कारणले गर्दा नै केही मानिसहरूले कुनै व्यक्तिसँग पैसाको लागि विवाह गर्छन् र पछि गएर त्यसको परिणामस्वरूप तिनीहरूले वैवाहिक जीवनमा थुप्रै समस्याहरू झेल्नु पर्दछ। रुपैयाँ-पैसाको प्रेमले गर्दा नै व्यापारीहरूले छल गर्ने र घुस लिने-दिने गरी भ्रष्टाचारमा सङ्लग्न हुने गर्छन्। रुपैयाँ-पैसाको प्रेमले गर्दा राजनैतिक नेताहरूले धनी हुनको लागि झूट बोल्ने, आर्थिकरूपमा कलङ्कित कामहरू गर्ने र आफ्नै मुलुकको शोषण गर्ने गर्छन्। रुपैयाँ-पैसाको प्रेमले गर्दा नै धन्-सम्पत्ति थुपार्न मानिसहरूले ठूला चिट्ठा कार्यक्रमहरूमा सहभागी हुने अनि विभिन्न किसिमका जुवाहरू खेल्ने गर्दछन्, र त्यसको परिणामस्वरूप ठूलो ऋणमा डुब्दछन्। रुपैयाँ-पैसाको प्रेमको कारणले मानिसहरूले घुस र उपहारहरू दिने विशेष

किसिमका धर्महरूको सदस्य बन्दछन्। रुपैयाँ-पैसाको प्रेमले गर्दा नै मानिसहरू चोरी, डकैती र हत्याजस्ता जघन्य अपराधहरूमा सहभागी हुन्छन्। तसर्थ, यो कुरा पक्का हो, कि रुपैयाँ-पैसाको मोह गर्नु सबै किसिमका खराबीको जरा हो!

---

१ तिमोथी ६:१०
प्रश्न ३ - रुपैयाँ-पैसाले तपाईंको जीवनमा कस्तो कसिमको प्रभाव पार्न सक्छ?
टिप्पणी -

रुपैयाँ-पैसाले तपाईंलाई कहिल्यै सन्तुष्ट पार्न सक्दैन। उपदेशक ५:१०-१७ हामी यसरी पढ्छौँ, "जसले रुपियाँ-पैसाको माया गर्छ, त्यसलाई रुपियाँपैसाले कहिल्यै पुग्दैन। जसले धन-सम्पत्तिको माया गर्छ, त्यो आफ्नो आमदानीसँग कहिल्यै सन्तुष्ट हुँदैन ... जब धन-सम्पत्ति बढ्छ, तब खाने मुख पनि धेरै बढ्छ ... धनीको प्रचुर धनले गर्दा त्यसलाई निद्रै लाग्दैन ... मानिस आमाको गर्भबाट नाङ्गै आउँछ, र जसरी आउँछ, त्यसरी नै त्यो फर्किजान्छ।" रुपैयाँ-पैसाले तपाईंलाई कहिल्यै सन्तुष्टि दिन सक्दैन र त्यसले तपाईंको जीवनमा कहिल्यै शान्ति दिन सक्दैन।

रुपैयाँ-पैसाले तपाईंको जीवनमा परमेश्वरको वचनलाई निसासिन बनाइदिन्छ। मर्कूस ४:१८-१९ मा हामी बीउ छर्ने किसानको बारेमा पढ्छौँ, कि उसले बीउ छर्दा केही काँढाहरूको बीचमा पऱ्यो। यस दृष्टान्तले यस्ता मानिसहरूको प्रतिनिधित्व गर्छ, जसले परमेश्वरको वचन त सुन्छ, तर यो जीवनको चिन्ता-फिक्रीहरू, धन-सम्पत्तिको छल र अरू कुराहरूको चाहनाहरूले गर्दा वचनलाई निसासिदिन्छ र त्यसले फल फलाउन सक्दैन। रुपैयाँ-पैसा र धन-सम्पत्तिले तपाईंको जीवनमा परमेश्वरको वचनलाई यसरी निसासिदिन्छ, कि त्यसले तपाईंको जीवनमा कुनै प्रभाव पार्नेछैन।

रुपैयाँ-पैसा तपाईंको जीवनमा उच्च प्राथमिकता गुमाउने कारण बन्न सक्छ। लूका १२:१३-२१ मा हामी राम्रो अन्न उत्पादन गर्ने धनी मानिसको बारेमा बढ्छौँ। आफ्नो अन्नहरू थुपारेर बसी-बसी खानको निम्ति उसले ठूलो ढुकुटीहरू बनाउने निर्णय गर्छ। उसले आफैलाई यसो भन्यो, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्”।" तर परमेश्वरले त्यसलाई भन्नुभयो, "ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?" आफ्नै निम्ति मात्र विभिन्न कुराहरू जम्मा गर्ने तर परमेश्वरको राज्यको निम्ति कुनै धन-सम्पत्ति जम्मा नगर्ने मानिसहरूको हालत यस्तै हुनेछ। रुपैयाँ-पैसा र धन-सम्पत्तिले तपाईंलाई परमेश्वरलाई प्रेम गर्ने र उहाँको सेवा गर्नेजस्तो उच्च प्राथमिकताबाट टाढा लैजान सक्छ।

रुपैयाँ-पैसाले तपाईंलाई मूर्तिपूजक बनाउन सक्छ। मत्ती ६:२४ हामी यसरी पढ्छौँ, "कसैले दुई मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैनौ।" रुपैयाँ-पैसा र धन-सम्पत्तिले (भौतिक थोकले) तपाईंलाई मूर्तिपूजक बनाएर पैसारूपी देवी-देवताको सेवा गर्न लगाउन सक्छ।

सारंशमा भन्नुपर्दा, रुपैयाँ-पैसा र धन-सम्पत्तिले इसाईको जीवनमा नराम्रो प्रभाव पार्नसक्छ। इसाईहरूले असल प्रभाव पार्ने गरी रुपैयाँ-पैसालाई कसरी प्रयोग गर्न सक्छन् भन्ने बारेमा हामी पछि हेर्नेछौँ।

---

१ तिमोथी ६:१०
प्रश्न ४ - भ्रष्टाचार के हो?
टिप्पणी -

भ्रष्टाचारको विभिन्न स्वरूपहरू - भ्रष्टाचार भनेको दुष्ट तरिकाद्वारा रुपैयाँ-पैसा र धन-सम्पत्ति प्राप्त गर्नु र खराब काम गर्नको लागि त्यसको प्रयोग गर्नु हो। यसको उदाहरणहरूलाई हेर्ने हो भने जब तपाईंले चोर्नुहुन्छ अथवा लुट्नुहुन्छ, तब तपाईं भ्रष्ट बन्नुहुन्छ (लेवी १९:११-१३)। तपाईंले सापट लिएको पैसा फर्काउनुहुन्न भने तपाईं भ्रष्ट हुनुहुन्छ (भजन ३७:२१)। आफ्ना कामदारहरूको ज्याला रोक्नुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ (याकूब ५:४)। तपाईंले बेइइमानी र छल गर्नुहुन्छ भने पनि तपाईं भ्रष्ट हुनुहुन्छ (व्यवस्था २५:१३-१५)। तपाईंले अन्यायपूर्वक रुपैयाँ-पैसा अथवा अरू कुनै थोक हासिल गर्नुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ (हितोपदेश ११:२; १६:८)। चिट्ठाको टिकटहरू बेचेर, बाजी लगाएर अथवा जुवा खेलेर पैसा कमाउनु भनेको अन्यायसँग धन कमाउनुको केही उदाहरणहरू हुन्। त्यसरी अन्यायसँग कमाएको धन-सम्पत्तिको कुनै मूल्य हुँदैन (हितोपदेश १०:२)। त्यतिमात्र होइन त्यसरी थपारिएको धनले नै त्यसको जीवन छिनेर लैजान्छ (हितोपदेश १:१९)। तपाईंले घुस लिने र घुस दिने गर्नुहुन्छ भने पनि तपाईं भष्ट बन्नुहुन्छ (हितोपदेश १७:८,२३)। इसाईहरूले घुसखोरीको सबै ढाँचाहरू भ्रष्टाचार हुन् भनी जान्नैपर्छ। सम्बन्धहरू राम्रो बनाउनको लागि उपहार दिनुहुन्छ अथवा व्यापारमा फाइदा लिन ठूलो उपहार

दिनुहुन्छ भने पनि तपाईं भ्रष्ट हुनुहुन्छ! अदालतमा मुद्दा तपाईंको पक्षमा जिताउन अथवा अनुचित किसिमले आफ्नो पक्षमा न्याय दिलाउनको लागि तपाईंले न्यायाधीस अथवा न्यायलयको कुनै सदस्यलाई पैसा दिनुहुन्छ भने, त्यो पनि भ्रष्टाचार हो! तपाईंको धर्मको सदस्यहरू बनाउनको लागि मानिसहरूलाई पैसा दिएर किन्नुहुन्छ भने तपाईं भ्रष्ट बन्नुहुन्छ। आफूले दिएको ऋणको लागि हदभन्दा ज्यादा ब्याज लिनुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ (हितोपदेश २८:८)। मानिसहरूलाई करकाप अथवा बलजफतीसाथ पैसा दिन लगाउनुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ (उपदेशक ७:७)। रेस्टुरेण्टहरू, पसलहरू अथवा व्यापारहरूको सुरक्षा गरिदिन्छु भनी ती ठाउँहरूबाट पैसा (हप्ता) उठाउनुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ! चुरोट र खैनीजस्ता वस्तुहरू अनि मदिरा र लागु-औषधिहरू गैरकानुनी तवरले बेच्नुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ। सामानहरू खरिद गरिएको झूटा रसिदहरू बेच्नुहुन्छ अथवा नक्कली प्रमाणपत्रहरू बेच्नुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ। तपाईंले नक्कली नोट अथवा नक्कली क्रेडिट कार्डहरू छाप्नुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ। तपाईंले गैरकानुनी ढङ्गमा रुपैयाँ-पैसाको कारोवार गर्नुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ। सरकारी नियमअनुसारको कर छल्नुहुन्छ भने तपाईं भ्रष्ट हुनुहुन्छ। आदि, इत्यादि।

भ्रष्टाचारको निम्ति सजायँ - परमेश्वरले भ्रष्टाचारलाई घृणा गर्नुहुन्छ! परमेश्वरले बेईमानी र भ्रष्टाचारीलाई निश्चय नै दण्ड दिनुहुनेछ! भ्रष्ट र घुस लिने-दिने मानिसहरूलाई के हुनेछ? हरेक भ्रष्ट व्यक्ति अति गम्भीर खतरामा पर्नेछ भनी बाइबलले चेताउनी दिन्छ! कसैले घुस दिने अथवा घुस लिने गर्छ भने, ऊ परमेश्वरको नजरमा नैतिकरूपमा भ्रष्ट र अधर्मी ठहरिन्छ। अपराधीहरूलाई समर्थन गरेकोले र निर्दोष मानिसहरूलाई बढी दु:ख दिएकोले उसले आफ्नै परिवारमा समस्या ल्याउनेछ। त्यसो गर्नाले उसले आफ्नो मुलुक, आफ्नो गाउँ-सहर र मण्डलीमा विनास ल्याउँछ। परमेश्वरले त्यस्तो व्यक्तिलाई श्राप दिनुभएर अति खराब दण्ड दिनुहुन्छ (व्यवस्था २७:२५)। अरू मानिसहरूलाई पापमा पारेकोले परमेश्वरले त्यसको परिवार र धन-सम्पत्ति नष्ट गरिदिनुहुनेछ (अय्यूब १५:३४) अनि अन्तमा उहाँले त्यसलाई नरकको आगोमा फालिदिनुहुनेछ (मत्ती १८:७-९)!

---

१ तिमोथी ६:६-१२
प्रश्न ५ - साधारण इसाईको जीवनशैली कस्तो हुनुपर्छ?
टिप्पणी -

इसाईहरू सबै परिस्थितिहरूमा सन्तुष्ट रहनुपर्छ - धनी हुने चाहनाले ईश्वरभक्तिलाई वाधा दिएर त्यसबाट अलग गर्दछ। तर तपाईंसँग भएको कुराकोसन्तुष्टताले ईश्वरभक्तिलाई बढाउँछ। आफू जन्मँदा यो संसारमा केही ल्याएको थिएन भन्ने कुरा इसाईहरूले महसुस गर्नैपर्छ। त्यसैगरी मर्ने बेलामा तिनीहरूले कुनै थोक लिएर जाँदैनन्। त्यसकारण, रुपैयाँ-पैसा भनेको अस्थायी सम्पत्ति हो। त्यसको सट्टामा इसाईहरूले आफ्नो छोटो जीवनकालमा ईश्वरभक्तिलाई बढाउन रुपैयाँ-पैसा कसरी प्रयोग गर्ने भनी विचार गर्नुपर्छ! इसाईहरूले कहिले पनि धरै रुपैयाँ-पैसा प्राप्त गर्ने कुरालाई प्रेम गर्नुहुँदैन, तर परमेश्वरको राज्यलाई बढाउन उहाँले जे दिनुभएको छ, त्यसलाई कसरी प्रयोग गर्ने भन्ने कुरालाई प्रेम गर्नुपर्छ (१ तिमोथी ६:१७१९)। पर्याप्त खाने कुरा र शरीर ढाक्ने लुगाजस्ता आधारभूत आवश्यक्ताहरू पूरा भएकोमा इसाईहरू पूर्णरूपमा सन्तुष्ट रहनुपर्छ।

इसाईहरू रुपैयाँ-पैसाको प्रेमबाट टाढा भाग्नुपर्छ - इसाईहरूले रुपैयाँ-पैसालाई पुज्ने होइन तर परमेश्वरको आराधना गर्ने उहाँका जनहरू हुनुपर्छ। तिनीहरूले परमेश्वरका आज्ञाहरू पालना गर्छन् तर रुपैयाँ-पैसाको मागहरूलाई पालना गर्दैनन्। इसाईहरू यस्ता कुराहरूबाट टाढा भाग्नुपर्छ; जस्तै: झूटा सिद्धान्तहरूमा सहभागिता, विरोधाभाषी कुराहरूप्रति अस्वस्थ अभिरुचि, डाह, झैझगडा, अहितकारी बोलीवचन, दुष्ट सङ्काहरू, भ्रष्टाचार, दुष्टता, असन्तुष्टि र रुपैयाँ-पैसाप्रतिको प्रेम आदि।

इसाईहरू ईश्वरभक्तिको पछि लाग्नुपर्छ - इसाईहरू धार्मिकता, ईश्वरभक्ति, विश्वास, प्रेम, धैर्यता, भद्रताजस्ता कुराहरूको पछि लाग्नुपर्छ, दौडनुपर्छ अथवा खोजी गर्नुपर्छ (मत्ती ६:३३)। धैर्यता भनेको आशाको फल हो (१ थेसलोनिके १:३)। विश्वास भनेको परमेश्वर र उहाँको प्रतिज्ञाहरूमाथिको सक्रिय भरोसा हो (हिब्रू ११ अध्याय)। विश्वास, प्रेम र आशा भनेको इसाईहरूमा हुनुपर्ने तीन मुख्य विशेषताहरू हुन् (रोमी ५:२-५; १ कोरिन्थी १३:१३; गलाती ५:५-६; एफिसी ४:२-५; कलस्सी १:४-५; १ थेसलोनिके १:३; ५:८; हिब्रू ६:१०-१२)।

इसाईहरूले विश्वासको असल लडाइँ लड्नुपर्छ - यी शब्दहरूले खेलकुदको प्रतियोगिताप्रति सङ्केत गर्छ (१ कोरिन्थी ९:२५; हिब्रू १२:१) अथवा आत्मिक द्वन्द्वतिर सङ्केत गर्छ (फिलिप्पी १:३०; १ थेसलोनिके २:२)। विश्वास भनेको फेरि परमेश्वर र उहाँका प्रतिज्ञाहरूमा पूर्ण भरोसा गर्नु हो। इसाईहरूले अनन्त जीवनलाई सदाको निम्ति एकैपटक पक्रनुपर्छ। ख्रीष्टले बोलाउनुहुँदा तिनीहरूले यसलाई पक्रेका थिए। तिनीहरूले यसलाई फुत्केर जान दिनुहुँदैन।

इसाईहरू आफूले प्राप्त गरेको काममा लागिरहनुपर्छ - यो पत्रमा तिमोथीले प्राप्त गरेको काम भनेको इसाई जीवनशैली र मण्डलीलाई अगुवाइ गर्ने सम्बन्धमा आफ्नो कर्तव्यलाई पालन गर्ने कुराहरूमा उदाहरण बन्नु थियो। इसाईहरूले परमेश्वरले दिनुभएको कामलाई यसरी पूरा गर्नुपर्छ, कि तिनीहरूलाई बेवास्ता गर्ने हेतुले कसैले पनि दोष लगाउन नसकोस्।

---

१ तिमोथी ६:१७-१९
प्रश्न ६ - धनी इसाईको जीवनशैली कस्तो हुनुपर्छ?

टिप्पणी - इसाई धनी हुनु गलत होइन, तर इसाईले धनी हुने चाहना गर्नुचाहिँ गलत हो! रुपैयाँ-पैसाको पछि दौडनु इसाईको लागि गलत कुरा हो! भ्रष्टाचार गरेर धनी हुनु इसाईको लागि गलत कुरा हो।

परमेश्वरले इसाईलाई धनी हुनको निम्ति थुप्रै कुराहरू सम्पनुहुन्छ भने त्यो उसको लागि गलत होइन। परमेश्वरले उसलाई त्यो धन-सम्पत्तिद्वारा केही वेशेष काम गर्न चाहनुभएकोले नै उहाँले ती सबै धन-सम्पत्ति जिम्मा लगाउनुभएको हो भन्ने सत्यता उक्त इसाईले जान्नैपर्छ! परमेश्वरले धनी इसाईहरूलाई उहाँको राज्यको निम्ति विशेष काम दिनुहुन्छ।

इसाईहरूले गर्न नहुने कुराहरू - धनी इसाईहरूले आफ्नो धन-सम्पत्तिको बारेमा आफूलाई अरूभन्दा ठूलो सम्झेर आत्म सन्तुष्टि लिनुहुँदैन। धनी भएको कारणले गर्दा तिनीहरूले घमण्ड अथवा अहङ्कारी हुनुहुँदैन। तिनीहरू कहिले पनि परमेश्वरको सट्टामा आफ्नो धन-सम्पत्तिमा भर पर्नुहुँदैन।

धनी इसाईहरूले गर्न मिल्ने कुराहरू - परमेश्वरले दिनुभएका थोकहरूमा धनी इसाईहरूले आनन्द मनाउन सक्छन्।

धनी इसाईहरूले गर्नैपर्ने कुराहरू - धनी इसाईहरू असल कामहरू गर्नको निम्ति धनी हुनैपर्छ। तिनीहरू उदार भई आफ्नो धन-सम्पत्ति बाँडचुँड गर्न इच्छुक हुनुपर्छ। धनी इसाईहरूले आउने युगको निम्ति आफ्नो सम्पत्ति अर्पण गर्नैपर्छ। यसले तिनीहरूको बाँडचुँड गर्ने कार्यहरू केवल सांसारिक परोपकारी कार्यहरूमा सीमित नभई परमेश्वरको राज्यको लागि पनि हो भन्ने कुरालाई व्याख्या गर्दछ।

यसकारण, धनी इसाईहरूलाई विशेष काम दिइएको छ। तिनीहरूले आफ्नो रुपैयाँ-पैसा र धन-सम्पत्ति सम्भवभएसम्म बुद्धिमानीपूर्वक तरिकाले परमेश्वरको राज्यमा लगानी गर्नपर्छ। ठूलो खाँचो भएको इसाई मण्डलीमा तिनीहरूले आफ्नो सम्पत्तिबाट केही दिनुपर्छ। अनिकालको समयमा ग्रीस र माकेडोनियाका मण्डलीहरूले प्यालेस्टाइनको मण्डलीलाई सहायता गरे। धनी इसाईहरूले विदेशमा गई सेवाकाई गर्ने मिसेनरीहरू अथवा सुसमाचार प्रचारको काम गर्ने अभियानहरूलाई पनि सहायता गर्न सक्छन्। अहिले यस्ता कामहरू थुप्रै ठाउँहरूमा भइरहेका छन्।

प्रश्न ७ - उच्च ओहोदामा भएका इसाईहरूको जीवनशैली कस्तो हुनुपर्छ?

टिप्पणी - दानिएल ६:३-४ मा हामी यस्तो कुरा पढ्छौँ, "अब दानिएलले असाधारण गुणहरूद्वारा आफैलाई ती अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे। तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाईहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए। उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै थिए।"

अहिले भ्रष्टाचार व्यापारीहरू, सरकारी शासकहरू र केही धर्महरूका माझमा व्यापकरूपमा फैलिएको छ। त्यस्ता भ्रष्टहरूले धेरै मानिसहरूमा बीचमा वर्णन गर्न नसकिने दु:ख-कष्टहरू ल्याइरहेका छन् भने तिनीहरूचाहिँ धनी र शक्तिशाली भइरहेका छन्। अर्कोतर्फ हेर्ने हो भने तिनीहरूमध्ये धेरै जना पक्राउ परी बदनाम भएका छन्।

दानिएल त्यस्तै संसारमा जिइरहेका भए तापनि तिनले अरूभन्दा फरक हुने हिम्मत गरे! भ्रष्टाचारबाट पूर्णरूपमा अलग राखेकोले दानिएले आफूलाई सरकारी अधिकारीको रूपमा प्रतिष्ठित तुल्याए! त्यसले तिनको व्यक्तिगत जीवनको साथै उसको काम र ओहोदामा निकै ठूलो कठिनाइहरू ल्यायो। दानिएलका सङ्गी अधिकारीहरूले उसलाई पतन गर्न षडयन्त्र गरे। तिनीहरूले परमेश्वरमाथिको उसको विश्वासमाथि आक्रमण गरी त्यसलाई वहिष्कार गर्ने कोसिस गरे। अनि अन्तमा तिनीहरूले दानिएललाई भोकाएका सिंहहरू राखिएको खोरमा फालिदिए। जेजस्तो भए तापनि उसले हरेक किसिमको दु:ख-कष्ट भोगेपछि, अन्तमा परमेश्वरले दानिएललाई आदर गर्नुभयो! यसकारण, इसाईहरू दानिएलजस्ता हुनुपर्छ भनी उपदेश दिन्छ! तपाईंले यो संसारमा जस्तो काम गर्नु पर्दा पनि आफूलाई इसाई व्यापारीको रूपमा, इसाई सरकारी अधिकारीको

रूपमा र एक असल इसाईको रूपमा अरू सांसारिक मानिसहरूभन्दा पृथक बनाउनुहोस्। भ्रष्टाचार नगरेर, पूर्णरूपमा भरोसायोग्य बनेर अनि आफ्नो कामलाई कहिल्यै लापरवाही नगरी आफूलाई प्रतिष्ठित तुल्याउनुहोस्। यस संसारका भ्रष्टचारीहरूभन्दा आफूलाई फरक तुल्याउने हिम्मत गर्नुहोस्!

चरण ४ - लागू गर्नु **प्रयोगहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र १ तिमोथी ६:३-१९ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
लेख्नुहोस् - उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

१ तिमोथी ६:३-१९ बाट निकालिएका केही सम्भावित अनुप्रयोगहरू:

६:३ झूटा सिद्धान्त सिकाउने मानिसहरूबाट अलग रहनुहोस्। तिनीहरूलाई आफ्नो घरमा स्वागत पनि नगर्नुहोस् (२ यूहन्ना १०-११)।
६:४ शब्दहरूको बारेमा कलह गर्ने, झगडा गर्ने र अरू इसाईहरूमाथि सङ्का गर्ने मानिसहरूबाट अलग रहनुहोस्।
६:५ आफ्ना धर्मद्वारा पैसा कमाउन कोसिस गर्न मानिसहरूबाट अलग रहनुहोस् (जस्तै: समृद्धिको सुसमाचार घोषणा गर्ने अथवा आफ्नो धर्म अँगाल्न मानिसहरूलाई घुस दिने धर्मबाट)।
६:६-८ आफूसँग खाने कुराहरू र लगाउने कुराहरू छन् भने त्यसमा सन्तुष्ट रहनुहोस्।
६:९-११ कहिले पनि रुपैयाँ-पैसालाई प्रेम नगर्नुहोस्। कहिले पनि धनी हुन आफैले प्रयास नगर्नुहोस्। यस्ता सांसारिक चाहनाहरूबाट टाढा भाग्नुहोस्।
६:११ धार्मिकता, ईश्वरभक्ति, विश्वास, प्रेम र आशाजस्ता कुराहरूको पछि दौडनुहोस्।
६:१२ कुस्ती लड्ने व्यक्तिझैँ गरी परमेश्वर र उहाँका प्रतिज्ञाहरूमा भर पर्नको निम्ति लड्नुहोस्।
६:१४ परमेश्वरले तपाईंलाई दिनुभएको आज्ञामा टाँसिरहनुहोस्।
६:१७ धनी इसाईहरूले आफ्नो सम्पत्ति अथवा शक्तिको कारण घमण्ड गर्नुहुँदैन भनी इसाई अगुवाहरूले तिनीहरूलाई आज्ञा दिनुपर्छ।
६:१८ धनी इसाईहरूले आफ्नो धन-सम्पत्ति साँच्चै खाँचो परेका मानिसहरूलाई बाँडचुँड गर्ने असल काम गर्नुपर्छ भनी इसाई अगुवाहरूले तिनीहरूलाई आज्ञा दिनुपर्छ।
६:१९ धनी इसाईहरूले आफ्नो रुपैयाँ-पैसा र धन-सम्पत्ति परमेश्वरको राज्य विस्तार गर्न र स्वर्गमा लगानी गर्न इसाई अगुवाहरूले तिनीहरूलाई आज्ञा दिनुपर्छ।

१ तिमोथी ६:३-१९ बाट निकालिएका केही व्यक्तिगत अनुप्रयोगका उदाहरणहरू:

परमेश्वरले रेखदेख गर्नको निम्ति मलाई जे सुम्पनुभएको छ, म ती सबै धन-सम्पत्तिको असल भण्डारे हुन चाहन्छु। म विशेषगरी आफूसँग भएको खानेकुरा, लगाउने लुगा र बस्ने ठाउँमा सन्तुष्ट हुन चाहन्छु। र त्यसपछि मसँग भएको अतिरिक्त रुपैयाँ-पैसा परमेश्वरको राज्यमा लगानी गर्न चाहन्छु। म मेरो छिमेकमा भएको गरिब इसाई परिवारलाई सहायता गर्न चाहन्छु, र सुसमाचार प्रचार गर्ने र इसाई मण्डलीहरू निर्माण गर्ने मानिसहरूलाई पनि म सहायता र समर्थन गर्न चाहन्छु।

म आफूलाई मेरो समुदायमा इसाईको हैसियतले प्रतिष्ठित पार्न चाहन्छु। म रुपैयाँ-पैसाको मामलामा भ्रष्टाचार गर्न चाहँदिनँ र आफूले गर्नुपर्ने काम-कर्तव्यप्रति कहिले पनि लापरवाही गर्न चाहँदिनँ। म सबै परिस्थितिहरूमा घुस दिने र घुस लिने कामलाई इन्कार गर्नेछु। म पूर्ण ईमान्दारीका साथ मात्र पैसा कमाउनेछु। म असल काम गर्ने कुरामा धनी हुन चाहन्छु र खाँचोमा परेका मानिसहरूलाई आफूसँग भएका थोकहरू बाँडचुँड गर्न चाहन्छु। म यो संसारमा भएका दुष्ट मानिसहरूभन्दा फरक भएर परमेश्वरको महिमा गर्दै जिउन चाहन्छु।

चरण : ५ - प्रार्थना **प्रतिक्रिया**

१ तिमोथी ६:३-१९ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	**अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्**

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको तयारी** (२ मिनेट)	**अर्को पाठको निम्ति**

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. प्रतिवद्धता - चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा १ तिमोथी ६:३-१९ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
२. परमेश्वरसँग व्यक्तिगत समय - रूथ १-४ अध्यायबाट प्रत्येक दिन परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
३. पद कण्ठ गर्नुहोस् - प्रभुत्व - रोमी १२:१-२
आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।
४. प्रार्थना - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्- तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दाको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।